बैंठक संख्या:- ३३

आज मिति २०८२/०८/१९ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री टुक्ती शेर्पा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडानं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | | | |
| २३. | | | |

| | | |
|---|---|---|
| ३. | खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्ययोजना लाइ अन्तिम रुप दिने सम्बन्धमा | नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा सम्बन्धी कार्यविधि, २०८१ बमोजिम गठन भएको कार्यदलबाट तयार गरिएको प्रारम्भिक कार्ययोजना उपर सरोकारवालासँगको छलफल, सुझाव संकलन तथा आवश्यक परिमार्जन समेत सम्पन्न भई प्राप्त भएको प्रतिवेदन र प्रस्तावित कार्ययोजना अध्ययन गर्दा सो कार्ययोजना व्यवहारिक, कार्यान्वयन योग्य तथा नगरपालिकाको दीर्घकालीन खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको लक्ष्यसँग सुसंगत देखिएकोले, कार्यविधिको आधारमा अन्तिम रूप दिई स्वीकृत गर्ने निर्णय गरियो। |
| ४. | खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारीका चरणमा गरिने खोनपानी तथा सरसफाइ परियोजना प्राथमिकिकरण गर्न मापदण्ड निर्धारण | खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (NWASH) तर्जुमा सम्बन्धी कार्यविधि, २०८१ बमोजिम योजना तयारीका चरणमा परियोजनाहरूको प्राथमिकिकरण गर्न देहाय बमोजिमका मापदण्ड र प्राथमिकता क्रम निर्धारण गर्ने निर्णय गरियो ।<br>क) सेवा पहुँच<br>ख) जनसंख्या घनत्व<br>ग) जोखिम स्तर<br>घ) लागत<br>ङ) भौगोलिक अवस्था आदि। |
| ५. | घरधुरी सर्वेक्षणका लागि नमुना छनौटको आकार प्रतिनिधित्व सुनिश्चित सम्बन्धमा | खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (NWASH) तर्जुमा सम्बन्धी कार्यविधि, २०८१ अनुसार योजना तयारीका क्रममा गरिने घरधुरी सर्वेक्षणलाई वैज्ञानिक, विश्वसनीय तथा प्रतिनिधिमूलक बनाउन गरिने जम्मा १० प्रतिशत घरधुरी सर्भेक्षणको लागि नमूना संकलन विधी (Random Samling Method) भूगोल, टोल, समुदाय, तथा समावेशितालाई मध्यनजर गर्दै सवै वडाहरु, जातीय समूहहरु, भौगोलिक क्षेत्रहरुबाट घरधुरी समेट्ने निर्णय गरियो |
| ६. | योजना तयारीका चरणहरु अनुगमन गर्ने सम्बन्धमा | नगरपालिकामा खानेपानी, सरसफाई तथा स्वच्छता योजना (NWASH) तर्जुमा सम्बन्धी कार्यविधि, २०८१ बमोजिम खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयारीका चरणहरू प्रभावकारी, पारदर्शी र गुणस्तरीय रूपमा सम्पन्न भए/नभएको सुनिश्चित गर्न तथा आवश्यक सुधारात्मक सुझाव प्रदान गर्न अनुगमन गर्ने तथा अनुगमन समितिमा देहायका पदाधिकारी रहने व्यवस्था गर्ने निर्णय गरियो ।<br>➢ अध्यक्ष- नगर प्रमुख<br>➢ सदस्य- प्रमुख प्रशासकीय अधिकृत<br>➢ सदस्य- सम्वन्धित वडा अध्यक्ष<br>➢ सदस्य- खानेपानी आयोजनाका अध्यक्ष<br>➢ सदस्य- कार्यपालिका सदस्य<br>➢ सदस्य सचिव- WASH फोकल पर्सन |

# सोलुदुधकुण्ड नगरपालिका, नगरकार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मितिः- २०८२/०८/१९ गते

समयः- दिउसो १:०० बजे

स्थानः- नगरप्रमुखज्यूको कार्यकक्ष

| | | |
|---|---|---|
| १. | खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारीका लागि कार्यदल गठन गर्ने सम्बन्धमा | खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा सम्वन्धी कार्यविधि २०८१ बमोजिम यस सोलुदुधकुण्ड नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजना प्रभावकारी रूपमा तयारी, समन्वय तथा कार्यान्वयन गर्न आवश्यक देखिएकोले देहाय बमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो।<br>१. कार्यदलको गठन<br>• संयोजकः नगर उप-प्रमुख<br>• सदस्यः प्रमुख प्रशासकीय अधिकृत<br>• सदस्यः सबै वडा अध्यक्षज्यूहरू<br>• सदस्यः नगरकार्यपालिका सदस्यहरु मध्येबाट १ महिला सहित २ जना<br>• सदस्य सचिवः WASH फोकल पर्सन |
| २. | खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यदलको कायदिश स्वीकृत गर्ने सम्बन्धमा | नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा सम्बन्धी कार्यलाई व्यवस्थित, प्रभावकारी तथा समन्वयात्मक रूपमा अगाडि बढाउन आवश्यक देखिएकोले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा सम्बन्धी कार्यविधि, २०८१ बमोजिम गठन गरिएको कार्यदलको देहाय बमोजिमको कार्यदिश स्वीकृत गर्ने निर्णय गरियो।<br>१. नगरपालिकाभित्रको खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गर्ने।<br>२. वडास्तर तथा समुदायस्तरमा उपलब्ध खानेपानी स्रोत, संरचना तथा सेवाको विवरण संकलन गर्ने।<br>३. सरसफाइ तथा स्वच्छता सम्बन्धी समस्या, चुनौती तथा आवश्यकताहरू पहिचान गर्ने।<br>४. सुरक्षित खानेपानी पहुँच, सरसफाइ तथा स्वच्छता सुधारका लागि आवश्यक योजना तथा कार्यक्रमको मस्यौदा तयार गर्ने।<br>५. सरोकारवाला निकाय, वडाहरू तथा समुदायसँग परामर्श तथा छलफल सञ्चालन गर्ने।<br>६. लागत अनुमान सहितको प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमको सूची तयार गर्ने<br>७. संघीय तथा प्रदेश सरकारका नीति, रणनीति तथा मापदण्डसँग समन्वय हुने गरी योजना तयार गर्ने।<br>८. तयार गरिएको WASH योजना नगर कार्यपालिकामा पेश गर्ने।<br>९. कार्यपालिकाबाट प्राप्त सुझाव अनुसार योजना परिमार्जन गरी अन्तिम रूप दिने।<br>१०. कार्यविधि बमोजिम अन्य आवश्यक कार्यहरू सम्पादन गर्ने। |